# नेपाल पुनर्बीमा कम्पनी लिमिटेड

## प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिस सम्वन्धी कार्यविधि, २०८०

नेपाल पुनर्बीमा कम्पनी लिमिटेड

२०८०

## नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८०

सञ्चालक समितिबाट स्वीकृत मितिः२०८०/०९/१२(बैठक नं.४९९)

नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिष्पर्धाको माध्यमबाट छनौट गरी नियुक्ति गर्न सिफारिस गर्ने प्रयोजनको लागि बीमा ऐन, २०७९ को दफा ५३ को उपदफा (३) को खण्ड (क) बमोजिम सञ्चालक समितिले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि सञ्चालक समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः "कार्यविधि" भन्नाले नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्छ।

३. दरखास्त आह्वानः नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदपूर्तिका लागि एक्काईस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुई पटक अनुसूची-१ वमोजिमको सूचना प्रकाशन गरिनेछ।

४. आवश्यक शैक्षिक योग्यता, अनुभव र उमेरः नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदको उमेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता, अनुभव र उमेर आवश्यक हुनेछः-

(क) बीमा ऐन, २०७९ को दफा ५७ को उपदफा (४) को खण्ड (क) बमोजिम योग्यता पूरा भएको,

(ख) बीमा ऐन, २०७९ को दफा ५७ को उपदफा (५) बमोजिम अयोग्य नभएको र

(ग) दरखास्त दिने अन्तिम मितिसम्म ६५ (पैसट्ठी) बर्ष पूरा नभएको।

५. दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः (१) नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदको लागि दरखास्त दिदा उमेदवारले देहाय बमोजिमको विवरण पेश गर्नु पर्नेछः-

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्वर, घर वा कार्यालयको ठेगाना) खुलेको विस्तृत वैयक्तिक विवरण,

(ख) उमेदवार आफैले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा अनुभवको कागजातको प्रतिलिपी,

(ग) उमेदवारले पाँच हजार शव्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) चार प्रति र

(घ) कार्यविधिको अनुसूची-२ बमोजिमको दरखास्त र कार्यविधिको दफा ६ वमोजिमको स्वयं घोषणा।

(२) उपदफा (१) बमोजिमको विवरणको प्रत्येक पानाको अन्त्यमा उमेदवारले दस्तखत गर्नु पर्नेछ।

६. <u>दरखास्तसाथ पेश गर्नुपर्ने स्वयं घोषणामा खुलाउनु पर्ने विवरणहरुः उमेदवारले दरखास्तसाथ अनुसूची-२ बमोजिमको देहायको व्यहोरा आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछः-</u>

(क) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ख) नेपाल पुनर्बीमा कम्पनी लिमिटेडसँग ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्तिको कारोवारमा आफैं वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा कम्पनीसँग निजी स्वार्थ नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको,

(घ) किर्ते, जालसाजी, भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, मानब बेचबिखन, बैकिङ् कसूर, बीमा तथा अन्य ठगी, शरीर बन्धक वा अपहरण जस्ता फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको,

(च) नेपालको प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको वा कालोसूचीबाट फुकुवा भएको तीन वर्ष पूरा भएको,

(छ) कुनै प्रकारको कर तिर्न बाँकी बक्यौता नभएको, र

(ज) नियामक निकायबाट प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको।

७. <u>व्यावसायिक कार्ययोजना पेश गर्नुपर्नेः</u> (१) उमेदवारले व्यावसायिक कार्ययोजना (Business Action Plan) सिलबन्दी गरी दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यावसायिक कार्ययोजनामा प्रमुख कार्यकारी अधिकृतको लागि तोकिएको काम, काम, कर्तव्य र अधिकारलाई मध्यनजर गरी देहायका विवरणहरु समावेश गरिएको हुनुपर्नेछः-

(क) नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको संक्षिप्त जानकारी,

(ख) कम्पनीको विद्यमान अवस्थाको पहिचान र विश्लेषण,

(ग) कम्पनीको सबल पक्ष, कमि कमजोरी एवं अवसर र चुनौतीको विश्लेषण (SWOT Analysis),

(घ) रणनीतिक अवसरको पहिचान र सुधार गर्नुपर्ने क्षेत्रहरुको विश्लेषण,

(ङ) कम्पनीको कार्य सम्पादनमा जोखिम व्यवस्थापन, जोखिमांकन, पुनर्बीमा, दावी, बजार पहिचान र बिस्तार, वित्तीय व्यवस्थापन, सस्थागत सुधार एवं सुशासन (Corporate Reform & Good Governance), मानव संशाधन व्यवस्थापन योजना, र

(च) रणनीतिक कार्ययोजनाका आधारमा आगामी चार बर्षको प्रक्षेपित वित्तीय अवस्थाको विश्लेषण (Projected Financial Statement)।

(३) व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी मध्ये कुनै एक भाषामा तयार गर्नुपर्नेछ। व्यावसायिक कार्ययोजना A4 साइजको कागजमा मूल शीर्षक १६ प्वाइण्ट बोल्डमा, उपशीर्षक

१४ प्वाइण्ट बोल्डमा, उपशीर्षकको बुँदाहरु १२ प्वाइण्ट बोल्डमा र अन्तर्वस्तु (Text) १२ प्वाइण्ट नर्मलमा तयार गरिएको हुनुपर्नेछ। नेपाली भाषामा भए कालिमाटी युनिकोड फण्टमा र अंग्रेजी भाषामा भए Times New Roman Font मा हुनुपर्नेछ।

(४) व्यावसायिक कार्ययोजनामा क्रमानुसार पृष्ठ संख्या उल्लेख गरी अनुसूचीमा संलग्न पृष्ठहरुमा रोमन "I" देखि शुरु हुनेगरी क्रमानुसार पृष्ठ संख्या उल्लेख गरिएको हुनुपर्नेछ।

(५) व्यावसायिक कार्ययोजनामा उमेदवारको पहिचान खुल्ने गरी नाम वा संकेत लेख्न पाइने छैन।

(६) पहिलो चरणको परिक्षणबाट संक्षिप्त सूची (Short Listing) मा परेका उमेदवारले प्रस्तुतीकरण समेत गर्नुपर्नेछ। प्रस्तुतीकरणको लागि ४० मिनेटको समय प्रदान गरिनेछ।

८. मूल्याङ्कन सम्वन्धी अंकभारः (१) उमेदवारको मूल्याङ्कन दुई चरणमा हुनेछ। प्रथम चरणको मूल्याङ्कन शैक्षिक योग्यता, अनुभव र व्यावसायिक कार्य योजनाको परीक्षण गरी कूल ५० पूर्णांकमा हुनेछ। दोश्रो चरणमा उमेदवारको मूल्याङ्कन व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण र अन्तर्वार्ता गरी कूल ५० पूर्णाङ्कमा गरिनेछ।

(२) उमेदवारको मूल्याङ्कन सम्वन्धी अंकभार देहाय बमोजिम हुनेछः-

(क) प्रथम चरण — ५० अंक

| | | |
|---|---|---|
| १. | शैक्षिक योग्यता | ५ अंक |
| २. | अनुभव | १० अंक |
| ३. | व्यावसायिक कार्ययोजना | ३५ अंक |

(ख) दोस्रो चरण — ५० अंक

| | | |
|---|---|---|
| १. | व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण | २० अंक |
| २. | अन्तर्वार्ता | ३० अंक |

(३) उपदफा (२) को खण्ड (क) बमोजिम शैक्षिक योग्यता, अनुभव र व्यावसायिक कार्ययोजनाको देहाय बमोजिम अंक प्रदान गरिनेछ :-

(क) शैक्षिक योग्यता -५ अंक

| स्नातकोत्तर तह | | |
|---|---|---|
| प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
| ५ अंक | ४ अंक | ३ अंक |

(ख) अनुभव– १० अंक

| | | बीमा/पुनर्बीमा | बैंक वा वित्तीय क्षेत्र |
|---|---|---|---|
| (१) | बीमा ऐन, २०७९ को दफा ५७ को उपदफा (४) को खण्ड (क) मा तोकिए बमाजिम व्यवस्थापक तह अधिकृत द्वितीय वा सोभन्दा माथिको पद/तहमा हासिल गरेको अनुभव वापतको अंकमा बीमा क्षेत्रमा भए पाँच वर्ष (प्रति वर्ष १ अंकका दरले), बैंक वा वित्तीय क्षेत्रमा भए आठ वर्ष (प्रति वर्ष ०.६२५ अंक), तथा दुबै क्षेत्रमा भए सात वर्ष मध्ये बीमामा कम्तीमा एक वर्षको बीमा क्षेत्रको (प्रति वर्ष १ अंक), वित्तीय क्षेत्रको भए (प्रति वर्ष ०.६६६ अंक) | ५ अंक | ५ अंक |
| (२) | बीमा ऐन, २०७९ को दफा ५७ को उपदफा (४) को खण्ड (ख) अनुसार योग्यता हासिल गरेकाको हकमा व्यवस्थापक तह अधिकृत द्वितीय वा सोभन्दा माथिको पद/तहमा हासिल गरेको अनुभव वापतको अंकमा बीमा क्षेत्रमा भए दश वर्ष (प्रति वर्ष ०.५ अंक), बैंक वा वित्तीय क्षेत्रमा भए पन्ध्र वर्ष (प्रति वर्ष ०.३३ अंक), तथा दुबै क्षेत्रमा भए बाह्र वर्ष मध्ये बीमामा कम्तीमा एक वर्षको बीमा क्षेत्रको (प्रति वर्ष ०.५ अंक), वित्तीय क्षेत्रको भए (प्रति वर्ष ०.४१ अंक) | | |
| (३) | उच्च व्यवस्थापकीय तह (तह दश वा सोभन्दा माथि) थप प्रत्येक बर्ष बीमा क्षेत्रमा कार्य गरेको अनुभव भए प्रति वर्ष ०.७५ र बैंक तथा वित्तीय क्षेत्रको अनुभव भए प्रति वर्ष ०.५ अंक | २.५ अंक | २ अंक |
| (४) | प्रमुख कार्यकारी अधिकृत पदको अनुभवका लागि प्रत्येक बर्ष बीमा क्षेत्रमा कार्य गरेको अनुभव भए प्रति वर्ष ०.७५ र र बैंक तथा वित्तीय क्षेत्रको अनुभव भए प्रति वर्ष ०.५ अंक | २.५ अंक | २ अंक |

तर एक बर्षभन्दा कम अवधिको अनुभव वापतको अंक दिइनेछैन। अनुभवको अंक गणना गर्दा बीमा क्षेत्रको अनुभवको गणना गरी बाँकी अंकभार बैक तथा वित्तीय क्षेत्रको अनुभवलाई गणना गरिनेछ।

(ग) व्यावसायिक कार्ययोजना (Business Action Plan) को गुणस्तर ३५

| | |
|---|---|
| (१) कम्पनीको यथार्थ जानकारी | २ अंक |
| (२) कम्पनीको SWOT Analysis | ५ अंक |
| (३) रणनीतिक अवसरको पहिचान र सुधार गर्नुपर्ने क्षेत्रहरु | ३ अंक |
| (४) व्यावसायिक कार्ययोजना | १५ अंक |
| (५) प्रक्षेपित वित्तीय विश्लेषण | १० अंक |

(४) उपदफा (२) को खण्ड (ख) बमोजिम कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ताको देहाय बमोजिम अंक प्रदान गरिनेछ:-

(क) कार्ययोजनाको प्रस्तुतीकरण २०

| | |
|---|---|
| (१) तर्कपूर्ण प्रस्तुति | ५ अंक |
| (२) सिर्जनशीलता | ५ अंक |
| (३) कार्य योजनाको स्पष्टता | ५ अंक |
| (४) नेतृत्व सीप क्षमता | ५ अंक |

(ख) अन्तर्वार्ता ३०

| | |
|---|---|
| (१) व्यक्तित्व | ५ अंक |
| (२) आत्मविश्वास | ५ अंक |
| (३) विषयवस्तुको ज्ञान र उद्देश्यको स्पष्टता | १० अंक |
| (४) क्रिया प्रतिक्रियामा दक्षता र विषयवस्तुको सान्दर्भिकता | ५ अंक |
| (५) तर्कपूर्ण प्रस्तुति एवं अभिव्यक्ति | ५ अंक |

९. छनौटका आधार तथा प्रकृयाः (१) उमेदवारको शैक्षिक योग्यता, अनुभव र पेश भएको व्यावसायिक कार्य योजनाको मूल्याङ्कनमा कम्तिमा साठी प्रतिशत अंक प्राप्त गर्ने उमेदवारहरुमध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने बढीमा पाँच जना उमेदवारलाई छनौट गरी संक्षिप्त सूची तयार गरिनेछ।

(२) उपदफा (१) बमोजिमको संक्षिप्त सूचीमा परेका उमेदवारहरु व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट भएको मानिनेछ।

(३) उपदफा (२) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि छनौट भएका उमेदवारहरुमध्ये शैक्षिक योग्यता, अनुभव, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन र प्रस्तुतीकरण तथा अन्तर्वार्तामा कूल प्राप्त अंकको आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने उमेदवारलाई नियुक्तिका लागि छनौट तथा सिफारिस समितिले सञ्चालक समिति समक्ष सिफारिश गर्नेछ।

(४) उमेदवारको मूल्याङ्कन अंक प्रदान गर्दा अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । उमेदवार छनौटको प्रत्येक चरणको  कागजात र प्राप्तांक सिलबन्दी गर्नुपर्नेछ ।

(५) दफा ३ बमोजिम सूचना प्रकाशन भएकोमा तीनभन्दा कम आवेदन परेको अवस्थामा प्राप्त आवेदनहरुलाई यथावत राखी सात दिनको म्याद दिई पुनः सूचना प्रकाशन गरिनेछ । उक्त म्यादभित्र पनि कुनै आवेदन प्राप्त नभएमा प्राप्त भएजति आवेदनबाटै छनौट प्रकृया अगाडि बढाइनेछ ।

१०. व्यावसायिक कार्ययोजना (Business Action Plan) प्रस्तुतीकरण एवं अन्तर्वार्ता परीक्षण सम्वन्धी व्यवस्थाः (१) व्यावसायिक कार्ययोजनाको परीक्षण दुईजना बिज्ञहरुबाट छुट्टाछुट्टै गोप्य रुपमा हुनेछ ।

(२) उपदफा (१) बमोजिम बिज्ञहरुको परीक्षणबाट प्राप्त अंकको औषत अंक निकाली सो अंकलाई व्यावसायिक कार्ययोजना वापतको प्राप्ताङ्कको रुपमा गणना गरिनेछ ।

(३) उपदफा (२) बमोजिम व्यावसायिक कार्ययोजना वापतको प्राप्ताङ्कमा शैक्षिक योग्यताको अंक, अनुभवको अंक, प्रस्तुतीकरणको अंक र अन्तर्वार्ताको अंकको औषत अंक जोडी हुन आउने कुल अंकलाई उमेदवारको प्राप्ताङ्क मानिनेछ ।

(४) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन प्रकृयामा गोप्यता कायम हुने गरी बिज्ञको सहयोग लिइने छ ।

११. छनौट तथा सिफारिस समितिः (१) प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको लागि छनौट गरी सिफारिश गर्न सञ्चालक समितिले अर्थ मन्त्रालय वा अन्तर्गतको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत संयोजक, एक जना सञ्चालक सदस्य र एक जना बीमा बिज्ञसहित तीन सदस्यीय समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छनौट तथा सिफारिस समितिले यो कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृत  छनौट गरी नियुक्तिको लागि सञ्चालक समिति समक्ष सिफारिश गर्नेछ ।

१२. दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः (१) उमेदवारले दरखास्त दस्तुर बापत रु पाँच हजार नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको तोकिएको बैंक खातामा नगदै जम्मा गरेको सक्कल भौचर दरखास्तसाथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

(२) छनौट सम्बन्धी अन्य प्रकृया आवश्यकता अनुसार छनौट तथा सिफारिस समितिले निर्धारण गर्न सक्नेछ ।

(३) नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको सञ्चालक समितिको सचिवालयले यो छनौट तथा सिफारिश समितिको सचिवालयको समेत कार्य गर्नेछ ।

१३. खारेजी: नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदपुर्ती सम्वन्धी कार्यविधि,२०७६ खारेज गरिएको छ ।

## अनुसूची १

**(दफा १ संग सम्वन्धित)**

**नेपाल पुनर्बीमा कम्पनी लिमिटडको**

**प्रमुख कार्यकारी अधिकृतको**

**पदपूर्ति सम्वन्धी सूचना**

(**प्रथम पटक प्रकाशित मिति** …….)

नेपाल पुनर्बीमा कम्पनी लिमिटेडमा रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकाले देहायका न्यूनतम् शैक्षिक योग्यता र अनुभव हाँसिल गरेका इच्छुक योग्य नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले कार्यालय समयमा २१(एक्काइस) दिनभित्र यस कम्पनीको कार्यालय थापाथली, काठमाण्डौमा दरखास्त दिनुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. आवस्यक शैक्षिक योग्यता, अनुभव र उमेर :

(क) बीमा ऐन, २०७९ को दफा ५७ को उपदफा (४) को खण्ड (क) बमोजिम योग्यता पूरा भएको,

(ख) बीमा ऐन, २०७९ को दफा ५७ को उपदफा (५) बमोजिम अयोग्य नभएको र

(ग) दरखास्त दिने अन्तिम मितिसम्म ६५ (पैसट्ठी) बर्ष पूरा नभएको ।

२. दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्वर, घर वा कार्यालयको ठेगाना) खुलेको विस्तृत वैयक्तिक विवरण,

(ख) उमेदवार आफैले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा अनुभवको कागजातको प्रतिलिपी,

(ग) उमेदवारले पाँच हजार शव्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) चार प्रति र

(घ) कार्यविधिको अनुसूची–२ बमोजिमको दरखास्त र कार्यविधिको दफा ६ वमोजिमको स्वयं घोषणा ।

३. दरखास्तसाथ निम्न लिखित व्यहोरा उमेदवार स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

(क) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ख) नेपाल पुनर्बीमा कम्पनी लिमिटेडसँग ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्तिको कारोवारमा आफैं वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा कम्पनीसँग निजी स्वार्थ नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको,

(घ) किर्ते, जालसाजी, भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, मानब बेचबिखन, बैकिङ् कसूर, बीमा तथा अन्य ठगी, शरीर बन्धक वा अपहरण जस्ता फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको,

(च) नेपालको प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको वा कालोसूचीबाट फुकुवा भएको तीन वर्ष पूरा भएको,

(छ) कुनै प्रकारको कर तिर्न बाँकी बक्यौता नभएको, र

(ज) नियामक निकायबाट प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको।

४. प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सुविधा :
प्रमुख कार्यकारी अधिकृतले पाउने मासिक पारिश्रमिक तथा अन्य सुविधा कम्पनीको सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

५. व्यावसायिक कार्ययोजनामा समावेश हुने विषय, छनौटको आधार तथा प्रकृया सम्बन्धी विस्तृत विवरण र दरखास्त फाराम "नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिश सम्बन्धि कार्यविधि,२०८०" कम्पनीको वेव साइटबाट प्राप्त गर्न सकिनेछ।

६. दरखास्त पेश गर्दा खामको बाहिर **"नेपाल पुनर्बीमा कम्मपनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदका लागि दरखास्त/व्यावसायिक कार्ययोजना"** भन्ने उल्लेख गरेको हुनुपर्नेछ।

७. उमेदवारले दरखास्त दस्तुर बापत रु पाँच हजार नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको नाममा राष्ट्रिय वाणिज्य बैंक थापाथलीमा रहेको खाता नम्वर १४३०१००००२५३५००१ मा नगदै जम्मा गरेको सक्कल भौचर दरखास्तसाथ संलग्न गरी पेश गर्नु पर्नेछ।

८. झुठ्ठा विवरण र कागजात संलग्न गरी दरखास्त दिएको देखिएमा त्यस्तो दरखास्त रद्द गरी प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

९. यस सम्बन्धि थप जानकारीका लागि कम्पनीको सञ्चालक समितिको सचिवालयमा वा फोन नं ०१-५९७०४०१ मा सम्पर्क गर्न सकिनेछ।

# अनुसूची २
## प्रमुख कार्यकारी अधिकृत पदको लागि दरखास्त फाराम

कम्पनी प्रयोजनको लागि
दर्ता नं :....................
दर्ता मिति :....................

हाल सालै खिचेको फोटो टाँसी फोटोमा पर्ने गरी दस्तखत गर्ने

१. उमेदवारको नाम थर :
  क. देवनागरीमा :……………………………………………………….
  ख. अंग्रेजीमा (Capital Letters) :…………………………………

२. ठेगाना

(क) स्थायी :
प्रदेश:………………..
जिल्ला :………………..
नगरपालिका/गा.पा:………………..
वडा नं:………………..
टोल:………………..
घर नम्वर:………………..
टेलिफोन/मोबाइल:………………..

(ख) अस्थायी (सम्पर्क ठेगाना) :
प्रदेश:………………..
जिल्ला :………………..
नगरपालिका/गा.पा:………………..
वडा नं:………………..
टोल:………………..
घर नम्वर:………………..
टेलिफोन/मोबाइल:………………..

ईमेल:……………………………………………………………

३. बाजेको नाम थर :………………..………………… नागरिकता:………………..
४. बाबुको नाम थर :………………..………………… नागरिकता:………………..
५. आमाको नाम थर:………………..…………………… नागरिकता:………………..
६. पति/पत्नीको नाम थर :………………..………………. नागरिकता:………………..
७. उमेदवारको जन्म मिति :………………..………………………………
८. दरखास्त दिने अन्तिम मितिमा हुने उमेर:………………..………………………………
९. शैक्षिक योग्यता विवरण

| क्र.सं | उत्तीर्ण भएको योग्यता | परिक्षा लिने संस्थाको नाम र ठेगाना | परीक्षा पास गरेको साल | प्राप्त श्रेणी | मुख्य बिषय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१०. अनुभव विवरण:

| क्र.सं | पद | संस्थाको नाम र ठेगाना | मुख्य जिम्मेवारी | अनुभव अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मैले दरखास्त फारममा प्रस्तुत गरेका विवरणहरु तथा देहाय बमोजमका विवरणहरु साँचो र दुरुस्त छन्, झुठा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला ।

(क) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ख) नेपाल पुनर्बीमा कम्पनी लिमिटेडसँग ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्तिको कारोवारमा आफैं वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा कम्पनीसँग निजी स्वार्थ नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको,

(घ) किर्ते, जालसाजी, भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, मानब बेचबिखन, बैकिङ् कसूर, बीमा तथा अन्य ठगी, शरीर बन्धक वा अपहरण जस्ता फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको

(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजायँ नपाएको एवं दामासहीमा नपरेको,

(च) नेपालको प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको वा कालोसूचीबाट फुकुवा भएको तीन वर्ष पूरा भएको,

(छ) कुनै प्रकारको कर तिर्न बाँकी बक्यौता नभएको,

(ज) नियामक निकायबाट प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

**ल्याप्चे**

| दायाँ | बायाँ |
|---|---|
| | |

उम्मेदवारको दस्तखत

..........................................

नाम :.............................

ठेगाना :.........................

मिति :.........................